# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

मिति: २०७३।०६।०९ गते

# प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको ।

----------------------------------------------------------

काठमाण्डौ जिल्ला टोखा नगरपालिकाको कार्यालयमा कार्यरत ओभरसियर श्री बुध्दीजंग गुरुङ्गले आफ्नो कार्यक्षेत्र अन्तर्गतमा पर्ने सेवाग्राहीको घर निर्माण सम्पन्न प्रमाणपत्र बनाईदीने प्रयोजनको लागी घुस रकम माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग टंगालबाट खटी गएको टोलीले निज ओभरसियर बुध्दीजंग गुरुङ्गलाई रू.४५,०००।-(पैतालिस हजार) घुस रकम लिँदालिदैको अवस्थामा ऐ.नगरपालिकाको कार्यालयवाटै नियन्त्रणमा लिई अनुसन्धान हुँदा निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले निज ओभरसियर बुध्दीजंग गुरुङ्ग उपर विगो रू.४५,०००।-(पैतालिस हजार रूपैंया) कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ख) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौमा आरोपपत्र दायर गरिएको छ ।

(खगेन्द्र प्रसाद रिजाल)
सहायक प्रवक्ता एवम् सूचना अधिकारी